केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/४६/०६६/६७ मिति : २०६७/०२/११

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०६६ को केही शब्दावलीमा प्रतिस्थापन, केही वाक्यमा संशोधन र केही नीतिगत व्यवस्थामा थपघट गरी देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ अनुसार देहायको निर्देशन जारी गरिएको छ।

| विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|
| **निर्देशन नं. ३. एउटै ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई र अर्थ व्यवस्थाको एकै क्षेत्रमा इजाजतपत्रप्राप्त संस्थाले प्रदान गर्न सक्ने कर्जा सापट र सुविधाको सीमा निर्धारण सम्बन्धी व्यवस्था।** | |
| २. जलविद्युत परियोजनामा लगानी सम्बन्धी विशेष व्यवस्था<br>(ग) परियोजना विश्लेषण गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाले तय गरेको Gestation Period अथवा त्यस्तो परियोजनावाट विद्युत उत्पादन हुने समयमध्ये जुन समय अगाडि हुन्छ सोही मितिवाट असुल हुनुपर्ने। कर्जाको कुनै किस्ताले भाखा नाघेमा ९० दिनसम्म असल कर्जाको रुपमा १ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने छ र ९० दिनभन्दा बढीले भाखा नाघेमा त्यस्तो किस्ता रकमलाई नै खराव वर्गमा वर्गीकरण गरी किस्ताको १०० प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने छ।<br>(ङ) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले विशुद्ध जलविद्युत परियोजना, विद्युत प्रशारण लाइन (Transmission Line) र केवलकार निर्माण सम्बन्धि परियोजनाहरुमा लगानी गर्दा मात्र विद्यमान २५ प्रतिशतको एकल ग्राहक कर्जा सीमालाई वृद्धि गरी कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको बढीमा ५० प्रतिशतसम्म लगानी सीमा कायम गर्ने विद्यमान नीतिगत व्यवस्था रहेको तर विद्यमान ग्राहकले विद्युत परियोजनामा लगानी गर्न चाहेमा कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा समेत गरी थप २५ प्रतिशतसम्म मात्र कर्जा/सुविधा प्रवाह गर्न सकिने छ। (उदाहरणको लागि: विशुद्ध जलविद्युत परियोजना/विद्युत प्रशारण लाइन/केवलकार परियोजनामा जम्मा सुविधाको १० प्रतिशत मात्र लगानी गरी बाँकी ४० प्रतिशत अन्यमा लगानी गर्न नपाइने)। कथंकदाचित, गैर जलविद्युत/विद्युत प्रशारण लाइन/केवलकार परियोजनामा तोकिएको सीमा नाघी कर्जा प्रवाह गरेमा सीमा नाघेको रकम बराबरको कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने छ। | उक्त बुँदा नं. २ (ग) मा भएको Gestation भन्ने शब्दको सट्टा Moratorium शब्द राख्ने।<br>उक्त बुँदा नं. २ (ङ) मा भएको व्यवस्थालाई देहाय बमोजिम परिमार्जन गर्ने।<br>(ङ) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले विशुद्ध जलविद्युत परियोजना, विद्युत प्रशारण लाइन (Transmission Line) र केवलकार निर्माण सम्बन्धी परियोजनाहरुमा लगानी गर्दा मात्र विद्यमान २५ प्रतिशतको एकल ग्राहक कर्जा सीमालाई बृद्धि गरी कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको बढीमा ५० प्रतिशतसम्म लगानी सीमा कायम गरिएको छ। तर, जलविद्युत परियोजना, विद्युत प्रशारण लाइन (Transmission Line) र केवलकार निर्माण सम्बन्धी परियोजना सम्बन्धी ग्राहकले गैर जलविद्युत/विद्युत प्रशारण लाइन/केवलकार परियोजनामा पनि लगानी गर्न चाहेमा ५० प्रतिशतको सीमा ननाघ्ने गरी कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा समेत गरी बढीमा २५ प्रतिशतसम्म मात्र कर्जा/सुविधा प्रवाह गर्न सकिने छ। (उदाहरणको लागि:<br>कोष तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको ५० प्रतिशत विशुद्ध जलविद्युत परियोजना/विद्युत प्रशारण लाइन/केवलकार परियोजनामा लगानी गरेमा अन्यमा लगानी गर्न पाइने छैन।<br>कोष तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको ४० प्रतिशत मात्र विशुद्ध जलविद्युत परियोजना/विद्युत प्रशारण लाइन/केवलकार परियोजनामा लगानी गरेमा अन्यमा १० प्रतिशतसम्म मात्र लगानी गर्न पाइने छ।<br>कोष तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको १ प्रतिशतदेखि २५ प्रतिशत मात्र विशुद्ध जलविद्युत परियोजना/विद्युत प्रशारण लाइन/केवलकार परियोजनामा लगानी गरेमा अन्यमा २५ प्रतिशतसम्म मात्र लगानी गर्न पाइने छ।<br>कथंकदाचित, गैर जलविद्युत/विद्युत प्रशारण लाइन/ केवलकार परियोजनामा तोकिएको सीमा नाघी कर्जा प्रवाह गरेमा सीमा नाघेको रकम बराबरको कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने छ। |

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

| | |
|---|---|
| ४. कर्जा सापट तथा सुविधाको सीमामा छुट<br>(क) मुद्दती रसिद, नेपाल सरकारको ऋणपत्र, नेपाल राष्ट्र बैंक ऋणपत्रको धितोमा र विश्व बैंक, एसियाली विकास बैंक तथा अन्तरराष्ट्रिय वित्त निगम लगायतका नेपाल सदस्य भएको अन्तरराष्ट्रिय बहुपक्षीय (Multilateral) वित्तीय संस्थाहरु तथा अन्तरराष्ट्रिय श्रेणीकृत (Rated) बैंकको निःशर्त जमानतमा प्रदान गरिने कर्जा सापट तथा सुविधाहरु ।" साथै, सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट अनुरोध भई आएमा यस बैंकले जारी गरेको निर्देशनमा उल्लेख भएको व्यवस्था समेत कायम रहने गरी त्यस्ता अन्तर्राष्ट्रिय बहुपक्षीय संस्थाले जारी गर्ने जमानत (Guarantee) मा आधारित भई बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्ने कर्जामा पुँजीकोषको अनुपात गणना गर्ने प्रयोजनका लागि शून्य जोखिम भार (Zero Risk Weight) प्रदान गर्ने । | उक्त बुँदा नं. ४ (क) मा भएको व्यवस्थामा देहायको स्पष्टीकरण थप गर्ने ।<br>स्पष्टीकरणः अन्तरराष्ट्रिय श्रेणीकृत (Rated) बैंक भन्नाले संयुक्त अधिराज्य बेलायतको लण्डनबाट प्रकाशित The Banker पत्रिकाले प्रत्येक वर्ष जुलाई महिनामा प्रकाशन गर्ने Top Thousand World Banks को सूचीमा पछिल्लो वर्ष समावेश भएका बैंकहरुलाई सम्झनुपर्ने छ । |
| ११. क्षेत्रगत कर्जा सम्वन्धी व्यवस्था<br>(३) यस बैंकबाट "ख" वर्गको इजाजजतपत्रप्राप्त संस्थाहरुले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (२) को खण्ड (श) र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाहरुले सोही ऐनको सोही दफाको उपदफा (३) को खण्ड (प) बमोजिम जग्गा विकास, आवासीय प्रयोजनको लागि जग्गा खरिद तथा घर निर्माण जस्ता परियोजना संचालन गर्ने र त्यस्ता घरजग्गाको बिक्री वितरण तथा व्यवस्थापन गर्ने गराउने सम्बन्धी कार्य गर्दा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले आ-आफ्नो प्राथमिक पुँजीको २५ प्रतिशत भन्दा बढी लगानी गर्न पाउने छैन । | उक्त बुँदा नं. ११ को (३) मा भएको व्यवस्था इ.प्रा. निर्देशन नं.८।०६६ को बुँदा नं.३ (२) सँग सम्बन्धित भएको हुँदा यस निर्देशनबाट हटाई निर्देशन नं. ८।०६६ मा मात्र राख्ने । |
| **निर्देशन नं.४** | उक्त निर्देशनको अनुसूची ४.१ लाई परिमार्जन गरी यसैसाथ संलग्न संशोधित अनुसूची ४.१ कायम गर्ने । |
| **निर्देशन नं.५: इजाजतपत्रप्राप्त संस्थाको कारोवारमा निहित जोखिम न्यूनीकरण गर्ने सम्वन्धी गरिएको व्यवस्था** | |
| ३. ब्याजदर जोखिम न्यूनीकरण गर्नुपर्ने व्यवस्था<br>(३) निश्चित भुक्तानी अवधि (Fixed Maturity Period) नभएका सम्पत्ति तथा दायित्वलाई देहाय बमोजिम समावेश गर्नुपर्ने छ :-<br>(ख) निश्चित भुक्तानी अवधि नभएका दायित्वहरु<br>इजाजतपत्रप्राप्त संस्थाको कुल चल्ती तथा वचत निक्षेप मध्ये प्राथमिक निक्षेपको रुपमा रहेको र न्यूनतम कायम गर्नुपर्ने मौज्दातको अंशसम्मको रकम एक वर्षभन्दा बढी अवधिको समय अन्तराल भित्र समावेश गर्नुपर्ने छ । चल्ती निक्षेपको उक्त अंशको यथार्थ अनुमान इजाजतपत्रप्राप्त संस्था स्वयंले गर्नुपर्ने छ । इजाजतपत्रप्राप्त संस्थासँग सामान्यतः स्थायी रुपमा रही रहने चल्ती निक्षेपको अंशलाई प्राथमिक निक्षेपको रुपमा लिनुपर्ने छ । | उक्त बुँदा नं. ३(३) को खण्ड (ख) मा भएको व्यवस्थालाई देहाय बमोजिम परिमार्जन गर्ने ।<br>(ख) निश्चित भुक्तानी अवधि नभएका दायित्वहरु<br>व्याजदरमा भएको परिवर्तनका कारण प्रभावित हुने निश्चित भुक्तानी अवधि नभएका दायित्वहरु (Interest Sensitive, Floating Rate Liabilities) लाई मात्र जुन अवधिमा ब्याजदर समायोजन गरिन्छ, सोही समय अन्तरालभित्र समावेश गर्नुपर्ने छ । |
| निर्देशन फा.नं.५.१ र ५.२ | उक्त निर्देशन फा.नं. ५.१ र ५.२ लाई परिमार्जन गरी यसै साथ संलग्न संशोधित निर्देशन फा.नं. ५.१ र ५.२ कायम गर्ने । |
| **निर्देशन नं. ६: संस्थागत सुशासन सम्बन्धी व्यवस्था** | |
| ७. आचारसंहिता तथा सुशासन सम्बन्धी थप व्यवस्था<br>१. यस बैकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको समेत सुशासन कायम गर्ने कार्यमा भूमिका रहेको हुँदा सुशासन ऐन अनुसार आ-आफ्नो संस्थामा आचारसंहिता निर्माण गरी लागू गर्ने । | उक्त बुँदा नं. ७ को (१) मा भएको "सुशासन ऐन अनुसार" भन्ने शब्दहरुको सट्टा "सुशासन ऐनको भावना अनुसार" भन्ने शब्दहरु राख्ने । |

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

| | |
|---|---|
| **निर्देशन नं. ९: इजाजतपत्रप्राप्त संस्थाहरुले नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्ने तथ्याङ्क विवरण सम्वन्धी व्यवस्था** | |
| हाल कायम रहेको ने.रा.बैंक निर्देशन फा.नं. ९.१५ (त्रैमासिक वित्तीय विवरण) लाई निर्देशन नं.४।०६६ को अनूसुची ४.(अ) संग एकरुपता दिने सम्बन्धमा । | निर्देशन नं.४।०६६ को अनूसुची ४.(अ) मा भएको व्यवस्था अनुसार ने.रा.बैंक निर्देशन फा.नं. ९.१५ लाई परिमार्जन गर्ने । ( यसैसाथ संलग्न) |
| **निर्देशन नं. १०: इजाजतपत्रप्राप्त संस्थाको संस्थापक शेयर नामसारी वा बिक्री सम्बन्धी व्यवस्था** | |
| ९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनमा उल्लेखित व्यवस्था अनुरुप बैंक वा वित्तीय संस्थाका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्ति र तिनीहरुका परिवारका अन्य सदस्यले समेत तोकिएको अवधिसम्म शेयर खरीद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न पाईने छैन । साथै, यस अघि नै यसरी धितो बन्धक राख्ने कार्य भएको हकमा नवीकरण गर्न पाईने छैन । | उक्त बुँदा नं. ९ मा भएको व्यवस्था इ.प्रा. निर्देशन नं.६।०६६ को बुँदा नं. ८ मा विस्तृत रुपमा उल्लेख भएको हुँदा उक्त बुँदा नं. ९ लाई हटाउने । |
| **निर्देशन नं. १५: ब्याजदर सम्बन्धी व्यवस्था** | |
| ३. ब्याजदर निर्णय गराएर लागू गर्नुपर्ने<br>इजाजतपत्रप्राप्त संस्थाले निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने ब्याजदर, ब्याज गणना विधि, हर्जाना लगाउने विधि, सेवा शुल्क र कमिशन दर इजाजतपत्रप्राप्त संस्थाले निर्णय गराई लागू गर्नुपर्ने छ । इजाजतपत्रप्राप्त संस्थाले निक्षेपमा प्रदान गर्ने प्रकाशित व्याजदरमा शून्य दशमलव पाँच प्रतिशत बिन्दुसम्म बढाउन सक्नेछन् भने कर्जाको व्याजदरको हकमा प्रकाशित व्याजदरभन्दा बढी दर कायम गर्नपाइने छैन । साथै, बैंक तथा वित्तीय संस्था र ग्राहकबीचको आपसी सहमतिको आधारमा निक्षेपको व्याजदर कायम गर्नुपर्ने अवस्थामा त्यस्तो निक्षेपको भुक्तानी अवधि ५ वर्ष भन्दा बढी हुनुपर्ने छ । | उक्त बुँदा नं.३ मा भएको व्यवस्थालाई देहायबमोजिम परिमार्जन गर्ने ।<br>इजाजतपत्रप्राप्त संस्थाले निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने ब्याजदर, ब्याज गणना विधि, हर्जाना लगाउने विधि, सेवा शुल्क र कमिशन दर इजाजतपत्रप्राप्त संस्थाले निर्णय गराई लागू गर्नुपर्ने छ । इजाजतपत्रप्राप्त संस्थाले निक्षेपमा प्रदान गर्ने प्रकाशित व्याजदरमा शून्य दशमलव पाँच प्रतिशत बिन्दुसम्म बढाउन सक्नेछन् भने कर्जाको व्याजदरको हकमा प्रकाशित व्याजदरभन्दा बढी दर कायम गर्न पाइने छैन ।<br>तर,<br>(क) अक्षयकोष वा ५ वर्ष भन्दाबढी भुक्तानी अवधि भएको निक्षेपमा बैंक तथा वित्तीय संस्था र ग्राहकवीचको आपसी सहमतिको आधारमा व्याजदर कायम गर्न सकिने छ ।<br>(ख) बोलकबोल (Bidding) को आधारमा संकलन हुने संस्थागत निक्षेपको हकमा प्रकाशित व्याजदरको व्यवस्था लागू हुने छैन । |
| **निर्देशन नं. १६: वित्तीय श्रोत संकलन सम्बन्धी व्यवस्था** | |
| ३ निक्षेप संकलन तथा भुक्तानी सम्वन्धी नियम तथा प्रकृया बनाई लागू गर्नुपर्ने<br>(५) इजाजतपत्रप्राप्त संस्थाले खोल्ने खाताहरुमध्ये वचत खाता प्राकृतिक व्यक्तिको हकमा मात्र खोल्न सकिनेछ । विगतमा प्राकृतिक व्यक्ति वाहेक अन्य संस्था/निकायवाट वचत खाता खोलेको अवस्थामा अविलम्व बन्द गर्नुपर्ने छ । साथै , चल्ती तथा वचत खाताका ग्राहकहरुलाई मात्र चेकवुक उपलव्ध गराउनुपर्ने छ ।<br>तर, उक्त व्यवस्थाले प्राकृतिक व्यक्ति बाहेकका अन्य संघ संस्था, कम्पनी लगायतका अप्राकृतिक व्यक्तिले व्याज आर्जन हुने गरी वचत खाता बाहेकका अन्य खाता खोल्न बाधा पुर्‍याउने छैन ।<br>(यस बैंकबाट जारी बै.वि.नि.वि./नीति/परिपत्र/२०/०६६/६७ मिति २०६६/०९/२ को बुँदा नं. ५ द्वारा भएको संशोधन समेत समावेश) | उक्त बुँदा नं. ३ (५) मा भएको व्यवस्था (संशोधन सहित) लाई देहाय बमोजिम परिमार्जन गर्ने ।<br>(५)इजाजतपत्रप्राप्त संस्थाले खोल्ने खाताहरुमध्ये वचत खाता, प्राकृतिक व्यक्ति वा नाफा कमाउने उद्देश्य नराखी स्थापित (जस्तैः अक्षय कोष, हुलाक वचत बैंक, कल्याणकारी कोष, सामुदायिक कोष जस्ता) संस्थाहरुको हकमा मात्र खोल्न सकिनेछ । विगतमा प्राकृतिक व्यक्ति/ नाफा कमाउने उद्देश्य नराखी स्थापित उपर्युक्त संस्थाहरु वाहेक अन्य संस्था/निकायवाट वचत खाता खोलेको अवस्थामा अविलम्व बन्द गर्नुपर्ने छ । साथै , स्वीकार्य बैंकिङ्ग मान्यता अनुरुप सम्बन्धित संस्थाले चेकबुक जारी गर्ने खाता तथा जारी नगर्ने खाता छुट्टयाई सोही आधारमा चेकबुक जारी गर्ने व्यवस्था गर्नुपर्ने छ ।<br>तर, उक्त व्यवस्थाले प्राकृतिक व्यक्ति बाहेकका अन्य संघ संस्था, कम्पनी लगायतका अप्राकृतिक व्यक्तिले व्याज आर्जन हुने गरी वचत खाता बाहेकका अन्य खाता खोल्न बाधा पुर्‍याउने छैन । |

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

| | |
|---|---|
| ११. बैंक तथा वित्तीय संस्थाले वित्तीय स्रोत परिचालन गर्दा आफ्नो कुल निक्षेप दायित्वको एक तिहाईभन्दा बढी सापटी रकम परिचालन गर्न पाईने छैन । तर "घ" वर्गको वित्तीय संस्थालाई भने यस बमोजिमको सीमा लागू हुने छैन । | उक्त बुँदा नं. ११ मा भएको व्यवस्थालाई देहाय बमोजिम परिमार्जन गर्ने ।<br>११.यस निर्देशनको बुँदा नं. १ मा जुनसुकै व्यवस्था भएता पनि बैंक तथा वित्तीय संस्थाले वित्तीय स्रोत परिचालन गर्दा आफ्नो कुल निक्षेप दायित्वको एक तिहाइभन्दा बढी सापटी रकम परिचालन गर्न पाइने छैन । तर "घ" वर्गको वित्तीय संस्थालाई भने यस बमोजिमको सीमा लागू हुने छैन । |
| १२. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले निक्षेप स्वीकार गर्दाको बखतमा नै खाताहरु बीमा हुने व्यवस्था गर्ने भएमा विमित खाताका एकै प्रकृतिका निक्षेपकर्ताहरुका बीचमा कुनै विभेद नहुने तथा निक्षेपकर्तालाई थप व्ययभार नपर्ने गरी यस्तो योजना संचालन गर्नसक्ने छन् । बीमालेख (Insurance Policy) मा उल्लेख गरिने सेवा, शर्त र सुविधाहरुले विमित निक्षेपकर्ताको हितको संरक्षण गर्नका लागि बीमा समितिबाट स्वीकृति लिई बीमा सम्बन्धी सेवा, शर्त, सुविधाहरु र क्षतिपूर्तिको आधार लगायतको जानकारी खुलेको पत्र निक्षेपकर्तालाई लिखित रुपमा उपलब्ध गराउनुपर्ने छ । | उक्त बुँदा नं. १२ मा भएको व्यवस्थालाई देहाय बमोजिम परिमार्जन गर्ने ।<br>इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले निक्षेप स्वीकार गर्दाको बखतमा नै खाताहरु बीमा हुने व्यवस्था गर्ने भएमा विमित खाताका एकै प्रकृतिका निक्षेपकर्ताहरुका बीचमा कुनै विभेद नहुने तथा निक्षेपकर्तालाई थप व्ययभार नपर्ने गरी यस्तो योजना संचालन गर्नसक्ने छन् । बीमालेख (Insurance Policy) मा उल्लेख गरिने सेवा, शर्त र सुविधाहरुको सम्बन्धमा विमित निक्षेपकर्तालाई निक्षेप स्वीकार गर्दा कै बखतमा स्पष्ट जानकारी गराउनुपर्ने छ । |
| **निर्देशन नं. २०: विविध व्यवस्था सम्बन्धमा** | |
| ९. स्थायी तरलता सुविधा (SLF) सम्बन्धमा<br>(क) आफ्नो स्वामित्वमा रहेको नेपाल सरकारको ट्रेजरी विल्स र विकास ऋणपत्रहरूको धितोमा त्यस्ता ऋणपत्रहरूको अंकित मूल्यको ९० प्रतिशतसम्मले हुन आउने रकम तरलता (कर्जा) उपलब्ध गराउन सकिने छ ।<br>(ख) यसरी प्रदान हुने स्थायी तरलता सुविधा (SLF) को व्याजदरको सम्बन्धमा सवैभन्दा पछिल्लो ९१ दिने ट्रेजरी बिलको भारित औषत व्याजदरमा २ प्रतिशत विन्दु थप गरी कायम हुन आउने व्याजदर वा सवैभन्दा पछिल्लो पटकको रिपो कारोवारमा कायम भएको व्याजदर मध्ये जुन बढी हुन्छ सोही दर कायम गर्ने । साथै, यस प्रयोजनको लागि पछिल्लो पटकको रिपो कारोवार भन्नाले बढीमा ३० दिन अघिसम्मको कारोवारलाई मात्र गणना गरिने छ ।<br>(ग) नेपाल सरकारको ट्रेजरी बिल्स र विकास ऋणपत्रको धितोमा अल्पकालीन स्थायी तरलता सुविधा यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई प्रदान गरिने छ । यस्तो सुविधामा लगाइने पेनाल ब्याजदर ३ प्रतिशत कायम गरिएको छ । स्थायी तरलता सुविधाको ब्याजदर गणना गर्दा पछिल्लो ९१-दिने ट्रेजरी बिल्सको औसत ब्याजदर वा विगत एक महिनाभित्रको पछिल्लो रिपो बोलकबोल ब्याजदर, जुन अधिकतम छ, त्यसमा ३ प्रतिशत विन्दुले पेनाल ब्याजदर थप गरेर कायम गरिने छ । | उक्त बुँदा नं. ९ मा भएको व्यवस्थालाई देहाय बमोजिम परिमार्जन गर्ने ।<br>(क) यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुका आ-आफ्ना स्वामित्वमा रहेको नेपाल सरकारको ट्रेजरी बिल्स र विकास ऋणपत्रको धितोमा त्यस्ता ऋणपत्रहरूको अंकित मूल्यको ९० प्रतिशतसम्मले हुन आउने रकम अल्पकालीन स्थायी तरलता सुविधा (कर्जा) उपलब्ध गराउन सकिनेछ ।<br>(ख) स्थायी तरलता सुविधामा लगाइने पेनाल ब्याजदर ३ प्रतिशत कायम गरिएको छ । स्थायी तरलता सुविधाको व्याजदर निर्धारण गर्दा पछिल्लो ९१- दिने ट्रेजरी विल्सको भारित औषत व्याजदर वा विगत एक महिनाभित्रको पछिल्लो रिपो बोलकवोलको भारित औषत व्याजदर वा प्रचलित बैंकदर मध्ये जुन अधिकतम छ, त्यसमा ३ प्रतिशत विन्दुले पेनाल व्याजदर थप गरी निर्धारण गर्ने व्यवस्था कायम गरिएको छ ।<br>(यस बैंकबाट जारी बै.वि.नि.वि./नीति/परिपत्र/२१/ ०६६/६ मिति २०६६/०९/५ लाई समेत समावेश गरी ) |
| यस बैंकबाट जारी भएको परिपत्र नं. ५०।०६५।६६ को "ख" र "ग" ले ATM राख्न सक्ने सम्बन्धमा ।<br><br>**एकीकृत निर्देशन, २०६६ मा छुट हुन गएको ।** | यस बैंकबाट इजाजतपत्रपत्रप्राप्त "ख" र "ग" वर्गका विकास बैंक तथा वित्त कम्पनीहरुले देहायको शर्तहरुको अधिनमा रही Automated Teller Machine (ATM) राख्न सक्ने नीतिगत व्यवस्था कायम गरिएको छ ।<br>१. पूर्वाधार तथा भुक्तानी प्रणालीको सुरक्षाको पूर्ण दायित्व सम्बन्धित संस्थाको नै हुने ।<br>२. सेवा शुल्क सम्बन्धी व्यवस्था स्पष्टरुपमा प्रकाशित गर्नुपर्ने ।<br>३. यस बैंकबाट इजाजतपत्रप्राप्त ("ख","ग"र"घ" वर्गका) |

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : “रावा”
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

| | |
|---|---|
| | संस्थाहरुलाई पत्र संख्या बै.वि.नि.वि./नीति/परिपत्र/२७/०६६/६७ मिति २०६६/१०/२७ मा जारी परिपत्रको खण्ड (ङ) अनुसार यस बैंकबाट इजाजतपत्रप्राप्त बाणिज्य बैंकसंग सम्वद्धता कायम गरी सम्झौता गरेर सहायक एजेण्टको रुपमा यस्तो कार्य गर्न बाधा नपर्ने ।<br>४. राष्ट्रियस्तरका “ख” र “ग” वर्गका विकास बैंक र वित्त कम्पनी बाहेक अन्य विकास बैंक तथा वित्त कम्पनीहरुले आफ्नो स्वीकृत कार्यक्षेत्रमा सीमित रहने गरी आफ्ना ग्राहकहरुलाई मात्र सेवा प्रदान गर्न आफ्नै छुट्टै Automated Teller Machine राख्न सक्ने । |

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

<u>बोधार्थ :</u>
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
८. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।
१०. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।